हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः १ | मितिः २०७९/०५/०५

**भाग-२**

**हरिनगर गाउँपालिका**

## हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।०५**

**प्रस्तावनाः**

हरिनगर गाउँपालिका क्षेत्र भित्रका वस्ती, समुदाय, बजार, सार्वजनिक सम्पत्ति संरचनाको नियमन, संरक्षण एवम गाउँपालिकाबाट जारी भएका नीति निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन हरिनगर गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको दरबन्दीको अधिनमा रही गाउँ प्रहरीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) (क) बमोजिम गाउँ प्रहरीको गठन सञ्चालन व्यवस्थापन नियमन तथा गाउँ प्रहरी सम्वन्धी व्यवस्थालाई नियमित गर्न वाञ्छनिय भएकोले, हरिनगर गाउँ कार्यपालिकाले हरिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को अधिकार प्रयोग गरी ***"हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९"*** बनाई लागू गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ। सो शब्दले कार्यवाहक अध्यक्ष समेतलाई जनाउनेछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा हरिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले "हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९" सम्झनु पर्दछ।

(घ) “कार्यालय” भन्नाले हरिनगर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “गाउँ प्रहरी” भन्नाले दफा ३ बमोजिम गाउँ प्रहरी सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनुपर्दछ ।

(च) “समिति” भन्नाले दफा ७ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(छ) “कार्यालय प्रमुख” भन्नाले हरिनगर गाउँ कार्यपालिकाको कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

## गाउँ प्रहरी गठन, स्वीकृत दरबन्दी, योग्यता र परीक्षाको पाठ्यक्रम

**३. गाउँ प्रहरी सेवाको गठन:**

(१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (क) (२) वमोजिमको कार्यमा सहयोग पुरयाउनका लागि हरिनगर गाउँपालिकामा एक गाउँ प्रहरी सेवा समूह रहनेछ । गाउँ प्रहरीको सेवाको गठन, त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या गाउँ सभाले तोके वमोजिम हुनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) र (८) बमोजिम कर्मचारी करारमा सेवामा रहनेछ ।

**४. गाउँ प्रहरीको काम कर्तव्य र अधिकार :** प्रचलित कानूनमा तोकिएको अधिकारहरु सहित गाउँ प्रहरीको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ -

(१) गाउँपालिकाको कानून तथा गाउँ कार्यपालिकाको निर्णयहरु कार्यान्वियनमा सहयोग गर्ने,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(४) गाउँपालिकाभित्र हुने सभा, समारोह , सांस्कृतिक परम्परा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने, होटल पसल तथा अन्य व्यवसायीहरुले अवाञ्छित गतिविधि गरेको पाइएमा रोक्न लगाउने,

(५) स्थानीय हाटबजार तथा पार्किङ स्थलको रेखदेख र आवश्यक व्यवस्थापनमा सहयोग गर्ने,

(६) नगर सरसफाई सम्वन्धी मापदण्ड कार्यान्वियन गर्ने गराउने र गाउँपालिका क्षेत्रभित्र हुने वातावरणीय प्रदुषण, ध्वनी प्रदुषणसमेत नियन्त्रण गरी गराई स्वच्छ वातावरण कायम राख्न सहयोग गर्ने

(७) गाउँपालिकाभित्रका सडक अतिक्रमण तथा अवरोधहरु हटाउने,

(८) न्यायिक समितिले गरेका निर्णय तथा मिलापत्रहरु कार्यान्वियन गर्न सहयोग गर्ने,

(९) सार्वजनिक ऐलानी पर्ति जग्गा सार्वजिनक भवन सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्ने,

(१०) विपद व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण तथा नियन्त्रण कार्यमा संलग्न हुने र गाउँपालिकाबाट सञ्चालित वारुणयन्त्र सञ्चालनका लागि तैनाथ रहने,

(११) अनाधिकृत विज्ञापन तथा होर्डिङ वोर्ड नियन्त्रण गर्ने

(१२) छाडा पशुपंक्षी नियन्त्रण तथा काञ्जी हाउस व्यवस्थापनमा सहयोग गर्ने

(१३) सार्वजनिक आवागमनमा बाधा पुरयाइ राखेका निर्माण सामाग्री तथा पसल व्यवसायीहरुबाट भएको अवरोधहरु हटाउन लगाउने, सो आदेश नमानेमा आफै हटाई हटाउन लागेको खर्च सम्वन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गरी कार्यालयमा आम्दानी बाध्ने,

(१४) नाप तौल सामाग्रीहरुको चेकजाँच गरी पसलहरुमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने,

(१५) गाउँपालिकाभित्र सञ्चालित आयोजनाहरु कार्यान्वयनमा अवरोध आएमा सो अवरोध हटाउने,

(१६) गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

**५. गाउँ प्रहरीको दरवन्दी:** (१) यस गाउँपालिकाको गाउँ प्रहरीमा देहायका पदहरुको दरबन्दी देहाय अनुसार रहनेछ :-

(क) गाउँ प्रहरी सहायक निरीक्षक, सहायक चौथो तह वा सो सरह - १

(ख) गाउँ प्रहरी हवल्दार, तृतीय तह वा सो सरह - २

(घ) गाउँ प्रहरी जवान, द्वितीय तह वा सो सरह - न्यूनतम ३ महिला सहित ९ जना

(२) यस कार्यविधिको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू हुँदाका बखत तोकिएको गाउँ प्रहरीको पद र दरवन्दी संख्या गाउँ सभाबाट पारित नभए सम्मका लागि गाउँ कार्यपालिकाको निर्णयबाट तोकिएको पद र दरवन्दी संख्यालाई कानून वमोजिम भए गरेको मानिनेछ । गाउँ प्रहरीको दरवन्दी थपघट सम्वन्धी निर्णय गाउँ सभाले मात्र गर्नेछ ।

**६. योग्यताः** देहायका गाउँ प्रहरी पदका लागि न्यूनतम योग्यता देहाय अनुसार हुनेछ:

(क) गाउँ प्रहरी सहायक निरीक्षकको योग्यताः

(१) नेपाली नागरिक भएको,

(२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण पत्र तह वा +2 वा सो सरह उतिर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पद वा एक तह मुनिको पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट एसएलसी वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यतालाई मान्यता दिईनेछ ।

(३) खुला तर्फ उमेर २१ वर्ष पूरा भई ३० बर्ष ननाघेको, (नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको),

(४) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, वा कुनै कानूनले अयोग्य नठहरिएको ।

(५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

(६) जिल्ला प्रहरी कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,

(७) पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ ।

(ख) गाउँ प्रहरी हवल्दारको योग्यताः

(१)नेपाली नागरिक भएको

(२) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिईनेछ ।

(३) खुला तर्फ उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको, (नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० बर्ष ननाघेको),

(४) कुनै नैतिक पतन देखिने फोजदारी अभियोगमा सजाय नपाएको, वा कुनै कानूनले अयोग्य नठहरिएको ।

(५) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

(६) जिल्ला प्रहरी कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,

(७) पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ ।

(ग) गाउँ प्रहरी जवानको योग्यताः

(१) नेपाली नागरिक भएको,

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट दस कक्षा वा सो सरह उतिर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिईनेछ,
- खुला तर्फ उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको, (नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० बर्ष ननाघेको),
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, वा कुनै कानूनले अयोग्य नठहरिएको ।
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- जिल्ला प्रहरी कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ ।

७. **पदपूर्ती समितिः** गाउँ प्रहरीका विभिन्न पदहरुमा करार सेवामा लिन देहाय अनुसारको पदपुर्ती समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. सामान्य प्रशासन शाखाका अधिकृत स्तरका कर्मचारी - सदस्य

( यस खण्डका लागि सामान्य प्रशासन शाखाका अधिकृतस्तरका कर्मचारी नभएमा आर्थिक प्रशासन शाखा वा शिक्षा शाखा वा योजना तथा पूर्वाधार विकास शाखाका अधिकृत कुनै एक जनालाई राख्न सकिनेछ )

ग. गाउँपालिका क्षेत्र भित्रको इलाका प्रहरी कार्यालय वा सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी निरीक्षक - सदस्य

घ. कर्मचारी प्रशासन शाखाका एक जना कर्मचारी – सचिव

८. **अन्तरवार्ता समितिः** दफा ७ वमोजिमको पदपूर्ती समितिका सदस्यहरुका अतिरिक्त आवश्यकता अनुसार एक जना विषय विज्ञ समावेश गरी अन्तर्वार्ता समिति गठन गरिनेछ ।

९. **परीक्षाको पाठयक्रमः** गाउँ प्रहरी सहायक निरीक्षक, गाउँ प्रहरी हवल्दार तथा गाउँ प्रहरी जवानको पाठ्यक्रम अनूसुची ६ मा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद-३
## छनौट सम्बन्धि व्यवस्था

१०. **छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका गाउँ प्रहरी कर्मचारीहरुको छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) गाउँ प्रहरी कर्मचारीको अनुसूची-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा समूहको योग्यता, पारिश्रमिक, सेवाशर्त समेत तोकी स्थानीयस्तरको दैनिक समाचार पत्र, सम्बन्धित कार्यालयको डिजिटल वेवसाइट तथा कार्यालयको सूचना पाटीमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५(पन्ध्र) दिनको

समय उपलब्ध गराई भर्ना आह्वानको सूचना प्रकाशन गर्नु  पर्नेछ । आवेदन फारामको नमूना अनुसूची-३ बमोजिम हुनेछ । आवेदन दस्तुर देहाय वमोजिम हुनेछ -

(क) गाउँ प्रहरी सहायक निरीक्षकका लागि रु १०००।-

(ख) गाउँ प्रहरी हवल्दारका लागि रु ७००।-

(ग) गाउँ प्रहरी जवानका लागि रु ५००।-

(२) उप दफा (१) बमोजिम पर्न आएका आवेदनहरु उपर तोकिए अनुसार शारीरिक तन्दुरुस्ती परीक्षणका लागि परीक्षा तालिका, मिति, समय र स्थान पदपूर्ती समितिले तोके अनुसार हुनेछ । सो परीक्षणमा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराईनेछ ।

(३) शारीरिक तन्दुरुस्ती परीक्षणका लागि देहाय वमोजिमको छनौट उपसमिति रहनेछ-

(क) नेपाल प्रहरीको प्रहरी निरीक्षक वा सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी निरीक्षक दर्जाका अधिकृत कर्मचारी - संयोजक

(ख) मेडिकल अधिकृत - सदस्य

(ग) सामान्य प्रशासन शाखा प्रमुख - सदस्य

(४) शारीरिक तन्दुरुस्ती परीक्षाको कूल पूर्णाङ्क ५० हुनेछ । यस परीक्षामा उतीर्ण गर्नका लागि कम्तिमा कूल पूर्णाङ्कको ४० प्रतिशत अंक हासिल गर्नु पर्नेछ । यसका लागि आवश्यक क्रियाकलाप र गतिविधि तथा इभेन्ट्सहरु उपदफा (३) वमोजिम तोकिएको समितले निर्धारण गरे अनुसार हुनेछ । शारीरिक तन्दुरुस्ती परीक्षा सम्पन्न गरी सोको नतिजा पदपूर्ती समितिलाई सिफारिस गर्नेछ । अन्य व्यवस्था पदपुर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफाको उपदफा (३) वमोजिमको उपसमितिले आवश्यकता अनुसार जनपद प्रहरी वा सशस्त्र प्रहरी बलका अन्य दर्जाका कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

(६) नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलको आवश्यक सहयोगका लागि जिल्ला प्रहरी कार्यालय वा सशस्त्र प्रहरी बल ४ नं गण इनरुवा सुनसरीमा गाउँ कार्यपालिकाको कार्यालयले पत्राचार गरी अनुमति लिनु पर्नेछ ।

(७) शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षामा उत्तीर्ण उम्मेद्वारहरुको देहायको आधारमा पदपुर्ती समितिले परीक्षा सञ्चालन गर्नु पर्नेछ-

(क) लिखित परीक्षा १०० पूर्णाङ्कको हुनेछ । उत्तीर्णाङ्क ४० अंक हुनेछ । लिखित परीक्षाको निर्धारित पाठयक्रम अनुसूची ६ वमोजिम हुनेछ ।

(ख) अन्तरवार्ता ३० पूर्णाङ्कको हुनेछ । अन्तर्वार्ताको कूल अंकलाई देहाय वमोजिम विभाजन गरी सोही अनुसार परीक्षा सञ्चालन गर्नु पर्नेछ -

(१) विषयवस्तुको ज्ञान १० अंक

(२) व्यक्तित्व परीक्षण १० अंक

(३) स्थानीयताका हकमा हरिनगर गाउँपालिका क्षेत्रभित्रका उमेद्वार भए ५ र सो भन्दा बाहिरका भए ३ अंक

(४) सम्वन्धित सेवाको अनुभव वापत प्रतिवर्ष ०.५ अंकका दरले बढीमा ५ अंक

यसमा विषय वस्तुको ज्ञान र व्यक्तित्व परीक्षण वापत अंक प्रदान गर्दा न्युनतम ४० प्रतिशतमा नघट्ने गरी र अधिकतम ७० प्रतिशतको सिमा भित्र रही प्रदान गर्नु पर्नेछ । सोभन्दा बढि अंक दिनु परेमा वा विलक्षण प्रतिभाका उम्मेद्वारका हकमा कैफियत खुलाई अधिकतम ८५ प्रतिशत सम्म अंक कैफियत खुलाई प्रदान गर्न सकिनेछ ।

(५) लिखित परीक्षामा उतीर्ण उमेद्वारहरुलाई मात्र अन्तर्वार्ता परीक्षामा सलग्न गराइनेछ ।

(८) परीक्षाको अन्तिम नतिजा देहायका आधारमा कूल अंक गणना गरी उतीर्ण भएका उमेद्वारहरुको योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिनेछ:

(क) शारीरिक तन्दुरुस्ती परीक्षामा प्राप्त गरेको कूल अंक

(ख) लिखित परीक्षामा प्राप्त गरेको कूल अंक

(ग) अन्तरवार्तामा प्राप्त गरेको कूल अंक

(९) उपदफा (८) बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा एक तिहाइ बढी संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ र सिफारिस भएका उम्मेद्वारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

तर, आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ ।

(१०) उपदफा (९) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

११. **करार सम्झौता गर्ने:**

(१) अन्तिम योग्यताक्रम सहितको नतिजा प्रकाशन भएपछि उतीर्ण उमेद्वारहरुलाई पन्ध्र दिनभित्र करार सम्झौता गर्न आउनका लागि सूचना दिनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचीकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-१ बमोजिमको कार्य विवरण सहित अनुसूची-४ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार सम्झौता गरे पश्चात अनुसूची-५ बमोजिमको नमूना पत्र अनुसारको करार नियुक्ति पत्र कार्यालयले दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिंदा विषयगत शाखासमेत तोकी काममा लगाउन सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत: आर्थिक वर्षको श्रावण महिनाको शुरुदेखि अर्को वर्षको असार मसान्तसम्मका लागि मात्र करार गर्नु पर्नेछ ।

तर उक्त पदले गर्नु पर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ । करार अवधि समाप्त भएपछि म्याद थप सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(६) उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा निजको कार्य सम्पादन मूल्यांकनका आधारमा गरिने छ ।

(७) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा एक महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त्य गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइनेछैन ।

## परिच्छेद-४

## सेवा शर्त, पारिश्रमिक र अवधि

१२. **सेवा शर्त र पारिश्रमिक**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरीको मासिक पारिश्रमिक गाउँ प्रहरी सहायक निरीक्षकको लागि रु २८०००।- प्रहरी हबल्दारको लागि रु २२०००।- र प्रहरी जवानका लागि रु २००००।- हुनेछ । मासिक राशन खर्चका हकमा प्रतिव्यक्ति रु ३०००।- थप दिइनेछ ।

(२) कार्यालयले करारका कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्बन्धित विषयगत शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

(४) छ महिनाभन्दा बढी निरन्तर सेवामा आवद्ध रहेमा निजलाई वर्षको एक पटक निजले खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च भुक्तानि दिइनेछ ।

(५) यस कार्यविधि वमोजिम करार सेवामा नियुक्त भएका गाउँ प्रहरीले ड्युटीका बखत देहाय वमोजिमको ड्रेस अनिवार्य रुपमा लगाउनु पर्नेछ । यसका लागि कार्यालयले लुगा भत्ता बापत वार्षिक एकमुष्ट रकम रु पन्ध्र हजार उपलब्ध गराउने छ -

(क) गाढा हरियो रंगको कटनको सर्ट र पाइन्ट

(ख) सोही रंगको सोही कपडाको क्याप

(ग) नेपाल प्रहरीले प्रयोग गर्ने कालो रंगको पेटी

(घ) कालो रंगको छालाको बुट र निलो रंगको मोजा

(ङ) जाडो याममा आवश्यकता अनुसारको गाढा हरियो रंगको ज्याकेट वा जर्सी

(च) आवश्यकता अनुसार सोही रंगको ज्याकेट लगाउन सक्नेछ ।

(छ) कपडाको रंगसँग मिल्ने सिठ्ठी कडी र सिठ्ठी

(ज) सर्ट वा ज्याकेटमा नेमप्लेट र चेस्ट प्लेट

१३. **सेवाको दर्ज्यानी चिन्ह:** गाउँ प्रहरीमा करार सेवामा नियुक्त प्रहरीहरुको दर्ज्यानी चिन्ह नेपाल प्रहरीले प्रयोग गरे अनुसार गाउँ प्रहरी सहायक निरीक्षकको काँधमा एक तारा हुनेछ । गाउँ प्रहरी हवल्दारको हकमा दायाँ पाखुरामा तीन धर्के बिल्ला हुनेछ । सो दर्ज्यानी चिन्ह सेवामा नियुक्त भएपछि विशेष कार्यक्रमका बीच प्रदान गरिनेछ ।

१४. **सेवामा पदोन्नति:** यस कार्यालयमा करार सेवामा नियुक्त गाउँ प्रहरी सहायक निरीक्षक र गाउँ प्रहरी हबल्दारको पद रिक्त भएमा यस गाउँपालिकाको गाउँ प्रहरी पदमा कार्यरत प्रहरीहरुबाट तोकिएको परीक्षा प्रणाली अनुसार आन्तरिक प्रतियोगिता गराई सो पदको पदपूर्ति गरिनेछ र रिक्त हुन आएको गाउँ प्रहरी जबानको पदमा पुन: खुल्ला प्रतियोगिता मार्फत पदपूर्ति गरिने छ ।

तर तोकिएको स्वीकृत दरबन्दी भन्दा बढी र सो भन्दा माथिको पदमा पदोन्नति हुन दावी लाग्ने छैन ।

१५. **सेवा सम्वन्धी आधारभूत तालिम:** गाउँ प्रहरीमा भर्ना भई छनौट भएका प्रहरीहरुलाई यस कार्यालयको नजिकको इलाका प्रहरी कार्यालयको मातहत राखी नेपाल प्रहरीको प्रहरी निरीक्षक वा सशस्त्र प्रहरी बलको सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा रहेको टोलीले कम्तिमा एक महिनाको सेवा कालीन तालिम अनिवार्य रुपमा प्रदान गर्नेछ । यसका लागि लाग्ने आवश्यक बन्दोबस्तिको सामान तथा बजेट गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यालयले सो टोलीलाई उपलब्ध गराउनेछ ।

१६. **आचरण सम्वन्धी व्यवस्था:** गाउँ प्रहरी पदमा करार सेवामा नियुक्त गाउँ प्रहरी कर्मचारीहरुले प्रचलित कानून वमोजिम तोकिएको आचरण तथा अनुशासन अनिवार्य रुपमा पालन गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१७. **विदा सम्वन्धी व्यवस्था:**

(१) यस कार्यविधि वमोजिम करार सेवामा नियुक्त भएका गाउँ प्रहरीले पाउने विदा देहाय वमोजिम हुनेछ:

(क) भैपरी आउने विदा तथा पर्व विदा: वर्षको छ दिन पाउनेछ ।

(ख)  घर विदा: तीस दिन काम गरे वापत एक दिन दरले वर्षको बाह्र दिन पाउनेछ ।

(ग) किरीया विदा: कर्मचारीको प्रचलित धर्म परम्परा अनुसार बढीमा पन्ध्र दिन ।

(घ) प्रसुती विदा: प्रसुती समयको अघि वा पछि कर्मचारीको माग वमोजिम साठी दिन, तर यस्तो प्रसुती विदा सेवा अवधिभरमा बढीमा दुई पटकका लागि मात्र पाउने छ ।

(२) उपदफा (१) वमोजिम पाउने कुनै पनि विदा सञ्चित हुने छैन । यस कार्यविधि वमोजिम लिन  सकिने विदाहरु हरेक नयाँ वर्षमा स्वत: समाप्त भएर जानेछ ।

(३) विदा स्विकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा निहित रहने छ । आवश्यकताका आधारमा सो अधिकार निजले गाउँ प्रहरी प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) यी विदाहरु वापत कुनै आर्थिक सुविधा दावी गर्न पाइने छैन ।

(५) कुनै किसिमको विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

१८. <u>करार समाप्ती र वाधा अड्काउ फुकाउ:</u>

(१) यस कार्यविधि बमोजिम करार गरिएको पद गाउँपालिका कर्मचारी नियमावली वा अन्य कुनै कानून वा अन्य निर्णय बमोजिम पद नरहने वा खारेज हुने भएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिस गरेमा कार्यालय प्रमुखले आवश्यक छानविन गरी कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ । तर सफाइ पेश गर्ने मौका अनिवार्य रुपमा दिनु पर्नेछ ।

१९. **<u>बाधा अडकाउ फुकाउः</u>** यो कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिकाको निर्णयले  बाधा अडकाउ फुकाउने आदेश दिन सक्नेछ ।

अनुसूची-१
कार्य विवरणको ढाँचा

(दफा ११ को उपदफा (२) सँग सम्वन्धित)

<table>
<tr><td>हरिनगर गाउँपालिका<br>कार्यविवरण फारम</td><td>पद संकेत<br>सेवा:- गाउँ प्रहरी    तह:- सहायक चौथो/तृतीय/ द्वितीय</td></tr>
<tr><td>१. पदको नाम : प्रसनि/ प्रह / प्रज<br>करार सेवा<br>२. तलब मासिक: ....................<br>३. काम गर्ने समय : २४ सै घण्टा<br>४. कर्मचारीको नाम : ..................</td><td>५. कार्यालय: हरिनगर गाउँ कार्यपालिकाको कार्यालय<br>हरिनगरा, सुनसरी<br>६. शाखा : कर्मचारी प्रशासन शाखा<br>७. मोबाइल नं.</td></tr>
<tr><td colspan="2">८. विस्तृत रुपमा पदको काम अधिकार र उत्तरदायित्व</td></tr>
</table>

| क्र.सं. | काम | अधिकार | उत्तरदायित्व | कार्यसम्पादन सूचकाङ्क | सूचकाङ्कको आधार |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

९. कर्तव्य

| | |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

१०. आवश्यक योग्यता: -

<table>
<tr><td>मेरो पदसँग सम्वन्धित उल्लिखित काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवम् ठिक साँचो हो ।<br>.......................<br>कर्मचारीको दस्तखत<br>मिति : ..................................</td><td>यस पदसँग सम्वन्धित उल्लिखित काम कर्तव्य उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवम् ठिक साँचो हो ।<br>निकटतम् अधिकारीको दस्तखत: .............<br>नाम : ........................................<br>मिति: .......................................<br>कार्यालय प्रमुखको दस्तखत ................<br>नाम : ..........................................<br>मिति: ..........................................</td></tr>
</table>

अनुसूची-२

(दफा १० को उपदफा (१) सँग सम्वन्धित)

करारमा सेवा लिने सम्बन्धि सूचना

सुचना प्रकाशित मितिः २०....।.....।.......

हरिगाउँ गाउँपालिका सुनसरीको लागि गाउँ प्रहरी कर्मचारीहरु आवश्यक भएकोले करार सेवामा नोकरी गर्न इच्छुक देहायको योग्यता भएको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसका लागि आवश्यक फाराम, दरखास्त दस्तुर, गर्नु पर्ने कामको विवरण, पारिश्रमिक, सेवाका शर्तहरु र पाठ्यक्रम सहितको विस्तृत विवरण यस कार्यालयको प्रशासन शाखा र कार्यालयको वेवसाइट www.harinagaramun.gov.np बाट उपलब्ध हुनेछ।

(१)विज्ञापन नं :- ...../ .........(आर्थिक वर्ष) (२) पद:- .............

(३) आवश्यक संख्याः- ...... (महिला पुरुष सहित स्पष्ट खुलाउने)

(४) पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-

(क)नेपाली नागरिक

(ख) आवश्यक न्यूनतम योग्यता(पद अनुसार खुलाउने)

(ग) उमेरको हद (पद अनुसार खुलाउने)

(घ) निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणीत भएको)

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

(५) शारीरिक तन्दुरुस्ती :- पद र लिङ्ग अनुसार खुलाउने

(६) दरखास्तमा संलग्न गर्नुपर्ने शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि भएमा सो समेत प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनि हस्ताक्षर गरी पेश गर्नु पर्नेछ।

(७) दरखास्त पेश गर्ने अन्तिम मिति:- ...............................

(८) परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:- ................................

(९) पाठ्यक्रम :- पदअनुसार खुलाउने

(१०) अन्य विवरण भए सो खुलाउने

अनुसूची - ३
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

| |
|---|
| कार्यालय प्रयोजनको लागि<br>परीक्षार्थीको संकेत नं.<br>रोल नं./विज्ञापन नं./सूचना नं.<br>................../................../................... |

# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
## प्रदेश नं. १, नेपाल

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |

**करारको लागि दरखास्त फाराम**

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धि विवरण

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं. | २. खुला/आ.प्र. | ३. पदः | सेवाः |
| ५. समुहः | ६. उप समुहः | ७. श्रेणी/तहः | परीक्षा केन्द्रः |
| ९. खुला प्रतियोगिता द्वारा पुर्ति हुने पदहरु मध्ये ऐन द्वारा तोकिएको समुहका उम्मेदवारहरु बिचमात्र प्रतिस्पर्धा गराउन भनी छुट्याईएका पदहरुको पदपुर्तिका लागि भएको विज्ञापनमा दरखास्त दिनु भएको भए समुह चिन्ह (o) लगाउनुहोस । | क. महिला<br>ग. मधेशी<br>ङ. अपाङ्ग | ख. आदिवासी/जनजाती<br>घ. दलित<br>च. पिछडिएको क्षेत्र | |

(ख) उम्मेदवारको बैयक्तिक विवरणः

| | | | | | |
|---|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरीमा) | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | | लिङ्गः |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | | ख) न.पा./गा.पा. | ग) वडा नं. | |
| | घ) टोल : | | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल | |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर : | | | पति/पत्नीको नाम, थर : | | |
| जन्म मिति : | (वि.सं.मा) | | (ईस्वि संवतमा) | हालको उमेर : वर्ष महिना | |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

असाधारण विदा लिएको भए अवधि............................................. देखी ................................................ सम्म ।

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

| | | | |
|---|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत<br>मितिः | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवका विवरणहरु ठिक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको दस्तखतः<br>नामथरः<br>पद/दर्जाः<br>मितिः<br>कार्यालयको छापः |
| दायाँ | बायाँ | | |
| | | | |
| कार्यालयले भर्नेः | | | |
| रसिद/भौचर नं. : | | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २ समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

३ विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ( तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि)

४ नि.से.ऐन २०४९ को दफा ७(७) को प्रयोजनको लागि महिला, आदिवासी/जनजाती, मधेशी र दलित उम्मेदवारले आर्थिक र सामाजिक रुपमा पछाडि परेको भन्ने प्रमाणको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५ सेवा सम्बन्धि ऐन/नियमावलिमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषदमा नाम दर्ता भएको प्रमाणको प्रतिलिपि

# प्रवेश पत्र

उम्मेदवारले पालना गर्नुपर्ने नियमहरुः-

१ परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२ परीक्षा हलमा मोवाइल फोन ल्याउन पाइने छैन ।
३ लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४ परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परिक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
५ परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी,कागज,चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
७ परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरित कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निषकाशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ ।
८ बिरामि भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन ।
९ उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
१० कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
११ उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त पत्रको की उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ । नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।
१२ ल्याकत(आई.क्यू) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछ ।
१३ कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरिक्षकलाई सोध्नु पर्नेछ ।

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

परीक्षार्थीले भर्नेः-

| क) सेवाः- | विज्ञापन नं. | किसिम/समूह |
|---|---|---|
| ख) समूहः- | | |
| ग) उपसूहः- | | |
| घ) श्रेणी/तहः- | | |
| ङ) पदः- | | |
| च)परीक्षा केन्द्रः- | | |
| | | |
| छ) उम्मेदवारको | नाम, थरः- | |
| | दस्तखतः- | |

कार्यालयको कर्मचारीले भर्नेः-

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएकोछ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहरभएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्रः-

रोल नं.- ........................

अधिकृतको दस्तखत

द्रष्टव्यः- १ कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।


# प्रवेश पत्र

उम्मेदवारले पालना गर्नुपर्ने नियमहरुः-

१ परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२ परीक्षा हलमा मोवाइल फोन ल्याउन पाइने छैन ।
३ लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४ परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरपछि परिक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
५ परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी,कागज,चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
७ परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरित कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निषकाशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ ।
८ बिरामि भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन ।
९ उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
१० कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
११ उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त पत्रको की उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ । नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।
१२ ल्याकत(आई.क्यू) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछ ।
१३ कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरिक्षकलाई सोध्नु पर्नेछ ।

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

परीक्षार्थीले भर्नेः-

| क) सेवाः- | विज्ञापन नं. | किसिम/समूह |
|---|---|---|
| ख) समूहः- | | |
| ग) उपसूहः- | | |
| घ) श्रेणी/तहः- | | |
| ङ) पदः- | | |
| च)परीक्षा केन्द्रः- | | |
| | | |
| छ) उम्मेदवारको | नाम, थरः- | |
| | दस्तखतः- | |

कार्यालयको कर्मचारीले भर्नेः-

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएकोछ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहरभएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्रः-

रोल नं.- ........................

अधिकृतको दस्तखत

द्रष्टव्यः- १ कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।

अनुसूची-४

(दफा ११ को उपदफा (२)सँग सम्वन्धित)

करार सम्झौताको नमुना

हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (यस पछि पहिलो पक्ष भनिएको) र ........... जिल्ला,.....................

न.पा./गा.पा., वडा नं...... बस्ने श्री ............................... (यस पछि दोश्रो पक्ष भनिएको) का बीच हरिगाउँ गाउँपालिकाको

................... पदको कामकाज गर्न गराउन मिति २०७९। । को निर्णय अनुसार देहायका कार्य र शर्तको अधीनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकताअसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थानः हरिगाउँ गाउँपिलका ।

३. करारमा काम गरे बापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रुपमा रु............ अक्षरेपी रु. पारिश्रमिक उपलब्ध गराउनेछ । अन्य सेवा सुविधा कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले हरिगाउँ गाउँपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि व्यवस्थाहर पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई कार्यविधिमा तोकिए वमोजिमको विदा उपलब्ध हुनेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपुर्ति वा हानी नोक्सानीको बिगो दोस्रव पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ

८. करार अवधिः यो करार मिति २० देखी ................ सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ११ को उपदफा ६ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७(सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोस्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनकनभएमा वा आचरण सम्बन्धि कुराहरु बराबर उल्लघंन गरेमा दोस्रो पक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ ।

११. दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| कार्यालयको तर्फबाट सही गर्नेको | करार सम्झौता गर्ने कर्मचारीको |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम थर | नाम थर |
| पद | स्थायी ठेगाना |
| मिति | मिति |

साक्षीहरु

१. ......................................................(पद नाम थर खुलाउने)

२. ...................................................... (पद नाम थर खुलाउने)

इति सम्वत.....................साल..................महिना................गते ......... रोज शुभम् ।

अनुसूची-५

(दफा ११(३) सँग सम्वन्धित)

हरिनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

प्रदेश नं. १, नेपाल

प.स.

च.नं.

मितिः

विषयः करार नियुक्ति सम्बन्धमा ।

श्री ................................

ठेगाना ....................................

तपाईलाई मिति २०७ । । निर्णयानुसार सूचीकरण गरिए बमोजिम ................... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार(सम्झौता) बमोजिम मिति २०७ ।। देखी २०७ । । सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस हरिनगर गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

............................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री.................................................... (आवश्यकता अनुसार दिने)

........................................................

अनुसूची-६

(दफा ९ सँग सम्वन्धित)

## (क) गाउँ प्रहरी सहायक निरीक्षक पदको पाठ्यक्रम

**परीक्षाको किसिम**

| क्र.स. | परीक्षा चरण | विवरण | पुर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | शारीरिक तन्दुरुस्ती मुल्याङकन | ५० | २० |
| २ | द्वितीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ३ | तृतीय चरण | अन्तरवार्ता | ३० | १२ |

## प्रथम चरण

**पूर्णाङ्क ५०**

**(क) दरखास्त छनौट**

तोकिएको योग्यता पुरा विधिवत रुपमा दरखस्ता पेश गरेका उम्मेवारहरुको दरखास्त स्वीकृत गरिन्छ

**(ख) स्वास्थ्य परिक्षण**

(१)आँखाको दृष्टि क्षमता +२ वा -२ भन्दा बढी कमजोर हुन नहुने

(२) रगत परीक्षण गर्दा मधुमेह तथा अन्य असाध्य रोग लागेको हुन नहुने

(३)उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम हुन नहुने

(४)पुरुषको हकमा छाती नफुलाउँदा३१ इन्च र फुलाउँदा ३३ इन्च भन्दा कम हुन नहुने

(५)तौल पुरुषको हकमा कम्तिमा ५० के जी र महिलाको हकमा कम्तिमा ४२ के जी तौल भएको हुनु पर्नेछ

(६)अस्वाभाविक शारीरिक बनावट हुन नहुने ।

(ग) **शारीरिक तन्दुरुस्ती मुल्याङकन**

**शारीरिक तन्दुरुस्ती परीक्षा**

१००० मिटर दौड

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | २०.०० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १५६ सेकेण्ड सम्म | १८.०० | १९० सेकेण्ड सम्म |
| ३ | १६३ सेकेण्ड सम्म | १६.०० | १९७ सेकेण्ड सम्म |
| ४ | १७० सेकेण्ड सम्म | १४.०० | २०४ सेकेण्ड सम्म |
| ५ | १७७ सेकेण्ड सम्म | १२.०० | २१० सेकेण्ड सम्म |
| ६ | १८० सेकेण्ड सम्म | १०.०० | २१७ सेकेण्ड सम्म |
| ७ | १८६ सेकेण्ड सम्म | ८.०० | २२४ सेकेण्ड सम्म |

| | | | |
|---|---|---|---|
| ८ | १८६ सेकेण्ड सम्म | अनुत्तीर्ण | २२४ सेकेण्ड भन्दा माथि |

पुस अप

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १० पटक सम्म | ०४.०० | ०४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०४ पटक सम्मपनि गर्न नसक्ने |

चिन अप/पुल अप

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा माथि | १०.०० | ०३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ०८.०० | ०२ पटक सम्म |
| ३ | ०८ पटक सम्म | ०६.०० | ०१ पटक सम्म |
| ४ | ०५ पटक सम्म | ०४.०० | ३० सकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ०५ पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०४ सकेण्ड सम्म झुण्डिन नसक्ने |

सिट अप

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १५ पटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १२ पटक सम्म | ०४.०० | ०५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०५ पटक सम्म पनि गर्न नसक्ने |

नोटःकुनै पनि एक ईभन्टमा अनुर्त्तीर्ण हुने उम्मेदवारहरुलाई सो पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

**द्धितीय चरण**

**पूर्णाङ्क १००**

**लिखित परीक्षा योजना**

| **विषय** | **अंकभार** | **पुर्णाङ्क** | **उत्तर्णाङ्क** | **परीक्षा प्रणाली** | **प्रश्न संख्या र अंकभार** | **समय** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र बौद्धिक परीक्षा | ५० | १०० | ४० | वस्तुगत | २५ प्रश्न *२ अंक = ५० | १:३०घण्टा |
| सेवा सम्वन्धी | ५० | | | विषयगत | २ प्रश्न *१० अंक = २० | |
| | | | | वस्तुगत | १५ प्रश्न *२ अंक = ३० | |

## लिखित परिक्षाको पाठ्यक्रम

पुर्णाङ्कः१०० समयः१घण्टा

उत्तीर्णाङ्कः४०

### खण्ड "क"

**१. सामान्य ज्ञान**

(क) हरिनगर गाउँपालिकाको राजनैतिक प्रशासनिक भौगोलिक विभाजन तथा रहनसहन बारेमा जानकारी

(ख) नेपालको भुगोल सम्बन्धि ज्ञान

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाति र जनसंख्या सम्बन्धि ज्ञान

(घ) ट्राफिक सम्बन्धि-(ट्रफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)

(ङ) महत्वपुर्ण समसामयिक रास्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार,

(च)कम्प्युटर, मोवाइल, इमेल इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेका प्रभाव

(छ) नेपालको भुगोलःअवस्थिती ,हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया र वनजंगल

(ज)विश्वको भुगौलः महादेश, महासागर

**२. सामान्य बौद्धिक परीक्षण (IQ)**

(क)शाव्दिक तार्किक/चार्तुयता परिक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, आदि विषयवस्तु प्रश्नहरु समावेश गरनेछ ।

(ख) मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ ।

(ग) अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम,समरुपता,एकरुपता आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ

### खण्ड ख

### पूर्णाङ्क ५०

**१ सेवा सम्वन्धी ज्ञानः**

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) नेपाल प्रहरी ऐन, २०१२

(घ) प्रहरी नियमावली, २०७१

(ङ) हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सेवा सम्वन्धी ऐतिहासिक तथा वर्तमान अवस्था वारे जानकारी

(छ) चिठ्ठि पत्र दर्ता चलानी फाइलिङ्ग टिप्पणी सम्वन्धी जानकारी

(ज) कार्यालय व्यवस्थापन सम्वन्धी जानकारी

(झ) संघीय शासन पद्धति सम्वन्धी सामान्य जानकारी

तृतीय चरण

**अन्तरवार्ता ३० अङ्क**

(क) विषयवस्तुको ज्ञान १० अङ्क

(ख) व्यक्तित्व परीक्षण १० अङ्क

(ग) अनुभव: प्रति वर्ष सेवा गरेवापत ०.५ अङ्कका दरले बढीमा ५ अङ्क

(घ) स्थानियताका लागि : हरिनगर गाउँपालिका भित्रका नागरिक भए ३ अङ्क र सो भन्दा बाहिरका भए २ अङ्क

## (ख) गाउँ प्रहरी हवल्दारको पदको पाठ्यक्रम

**परीक्षाको किसिम**

| क्र.स. | परीक्षा चरण | विवरण | पुर्णाङक | उत्तीर्णाङक |
|---|---|---|---|---|
| १ | प्रथम चरण | शारीरिक तन्दुरुस्ती मुल्याङकन | ५० | २० |
| २ | द्धितीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ३ | तृतीय चरण | अन्तरवार्ता | ३० | १२ |

**प्रथम चरण**

**पूर्णाङ्क ५०**

**(क) दरखास्त छनौट तथा स्वास्थ्य परिक्षण**

तोकिएको योग्यता पुरा विधिवत रुपमा दरखस्ता पेश गरेका उम्मेवारहरुको दरखास्त स्वीकृत गरिन्छ

**(ख) स्वास्थ्य परिक्षण**

(१)आँखाको दृष्टि क्षमता +२ वा -२ भन्दा बढी कमजोर हुन नहुने
(२) रगत परीक्षण गर्दा मधुमेह तथा अन्य असाध्य रोग लागेको हुन नहुने
(३)उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम हुन नहुने
(४)पुरुषको हकमा छाती नफुलाउँदा३१ इन्च र फुलाउँदा ३३ इन्च भन्दा कम हुन नहुने
(५)तौल पुरुषको हकमा कम्तिमा ५० के जी र महिलाको हकमा कम्तिमा ४२ के जी तौल भएको हुनु पर्नेछ
(६)अस्वाभाविक शारीरिक बनावट हुन नहुने ।

**१. शारीरिक तन्दुरुस्ती मुल्याङकन**

**शारीरिक तन्दुरुस्ती परीक्षा**

१००० मिटर दौड

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | २०.०० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १५६ सेकेण्ड सम्म | १८.०० | १९० सेकेण्ड सम्म |
| ३ | १६३ सेकेण्ड सम्म | १६.०० | १९७ सेकेण्ड सम्म |
| ४ | १७० सेकेण्ड सम्म | १४.०० | २०४ सेकेण्ड सम्म |

| | | | |
|---|---|---|---|
| ५ | १७७ सेकेण्ड सम्म | १२.०० | २१० सेकेण्ड सम्म |
| ६ | १८० सेकेण्ड सम्म | १०.०० | २१७ सेकेण्ड सम्म |
| ७ | १८६ सेकेण्ड सम्म | ८.०० | २२४ सेकेण्ड सम्म |
| ८ | १८६ सेकेण्ड सम्म | अनुर्त्तीर्ण | २२४ सेकेण्ड भन्दा माथि |

<u>पुस अप</u>

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १० पटक सम्म | ०४.०० | ०४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०४ पटक सम्मपनि गर्न नसक्ने |

<u>चिन अप/पुल अप</u>

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा माथि | १०.०० | ०३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ०८.०० | ०२ पटक सम्म |
| ३ | ०८ पटक सम्म | ०६.०० | ०१ पटक सम्म |
| ४ | ०५ पटक सम्म | ०४.०० | ३० सकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ०५ पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०४ सकेण्ड सम्म झुण्डिन नसक्ने |

<u>सिट अप</u>

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १५ पटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १२ पटक सम्म | ०४.०० | ०५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुर्त्तीर्ण | ०५ पटक सम्म पनि गर्न नसक्ने |

नोटःकुनै पनि एक ईभन्टमा अनुर्त्तीर्ण हुने उम्मेदवारहरुलाई सो पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

## द्वितीय चरण

**पूर्णाङ्क १००**

## लिखित परीक्षा योजना

| विषय | अंकभार | पुर्णाङ्क | उत्तर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र बौद्धिक परीक्षा | ५० | १०० | ४० | वस्तुगत | २५ प्रश्न *२ अंक = ५० | १:३०घण्टा |
| सेवा सम्वन्धी | ५० | | | विषयगत | २ प्रश्न *१० अंक = २० | |
| | | | | वस्तुगत | १५ प्रश्न *२ अंक = ३० | |

## लिखित परिक्षाको पाठ्यक्रम

पुर्णाङ्क:१०० समय:१ घण्टा

उत्तीर्णाङ्क:४०

## <u>खण्ड "क"</u>

**वस्तुगत बहुउत्तर २०×२ =४०**

**विषयगत उत्तर २“५ = १०**

**१. सामान्य ज्ञान**

(क) नेपालको भुगोल सम्बन्धि ज्ञान

(ख) नेपालमा प्रचलित धर्म,भाषा, संस्कृति, जातजाति र जनसंख्या सम्बन्धि ज्ञान

(ग) ट्राफिक सम्बन्धि-(ट्रफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम) जानकारी

(घ) महत्वपुर्ण समसामयिक रास्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार,

(ङ) हरिनगर गाउँपालिका सम्वन्धी जानकारी

(च) कम्युटर, मोवाइल, इमेल इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन रोवोट जस्ता नविनतम प्रविधिले मानव जीवनमा पारेका प्रभाव वारे सामान्य जानकारी

**२. सामान्य बौद्धिक परिक्षण (IQ) १० अङ्क**

(क)शाव्दिक तार्किक/चार्तुयता परिक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, आदि विषयवस्तु प्रश्नहरु समावेश गरनेछ ।

(ख) मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ ।

(ग) अशब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता,एकरुपता आदि विषयवस्तुबाट प्रश्नशरु समावेश गरनेछ

## <u>खण्ड ख</u>

**पूर्णाङ्क ५०**

**१ सेवा सम्वन्धी ज्ञान:**

(क) नेपालको संविधान सामान्य जानकारी

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) नेपाल प्रहरी ऐन, २०१२

(घ) प्रहरी नियमावली, २०७१

(ङ) हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सेवा सम्वन्धी अन्य सामान्य जानकारी

(छ) चिठ्ठि पत्र दर्ता चलानी सम्वन्धी सामान्य जानकारी

## तृतीय चरण

### अन्तरवार्ता

**पूर्णाङ्क ३० अङ्क**

(क) विषयवस्तुको ज्ञान १० अङ्क

(ख) व्यक्तित्व परीक्षण १० अङ्क

(ग) अनुभव: प्रति वर्ष सेवा गरेवापत ०.५ अङ्कका दरले बढीमा ५ अङ्क

(घ) स्थानियताका लागि : हरिनगर गाउँपालिका भित्रका नागरिक भए ५ अङ्क र सो भन्दा बाहिरका भए ३ अङ्क

## (ग) गाउँ प्रहरी को जवान पदको पाठ्यक्रम

**परीक्षाको किसिम**

| क्र.स. | परीक्षा चरण | विवरण | पुर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | शारीरिक तन्दुरुस्ती मुल्याङकन | ५० | २० |
| २ | द्धितीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ३ | तृतीय चरण | अन्तरवार्ता | ३० | १२ |

**प्रथम चरण**

**पूर्णाङ्क ५०**

**(क) दरखास्त छनौटतथा स्वास्थ्य परिक्षण**

तोकिएको योग्यता पुरा विधिवत रुपमा दरखस्ता पेश गरेका उम्मेवारहरुको दरखास्त स्वीकृत गरिन्छ

**(ख)स्वास्थ्य परिक्षण**

(१)आँखाको दृष्टि क्षमता +२ वा -२ भन्दा बढी कमजोर हुन नहुने

(२) रगत परीक्षण गर्दा मधुमेह तथा अन्य असाध्य रोग लागेको हुन नहुने

(३)उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम हुन नहुने

(४)पुरुषको हकमा छाती नफुलाउँदा३१ इन्च र फुलाउँदा ३३ इन्च भन्दा कम हुन नहुने

(५)तौल पुरुषको हकमा कम्तिमा ५० के जी र महिलाको हकमा कम्तिमा ४२ के जी तौल भएको हुनु पर्नेछ

(६)अस्वाभाविक शारीरिक बनावट हुन नहुने ।

**(ग) शारीरिक तन्दुरुस्ती मुल्याङकन**

**शारीरिक तन्दुरुस्ती परीक्षा**

१००० मिटर दौड

| क्र स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | २०.०० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १५६ सेकेण्ड सम्म | १८.०० | १९० सेकेण्ड सम्म |

| | | | |
|---|---|---|---|
| ३ | १६३ सेकेण्ड सम्म | १६.०० | १९७ सेकेण्ड सम्म |
| ४ | १७० सेकेण्ड सम्म | १४.०० | २०४ सेकेण्ड सम्म |
| ५ | १७७ सेकेण्ड सम्म | १२.०० | २१० सेकेण्ड सम्म |
| ६ | १८० सेकेण्ड सम्म | १०.०० | २१७ सेकेण्ड सम्म |
| ७ | १८६ सेकेण्ड सम्म | ८.०० | २२४ सेकेण्ड सम्म |
| ८ | १८६ सेकेण्ड सम्म | अनुत्तीर्ण | २२४ सेकेण्ड भन्दा माथि |

पुस अप

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १० पटक सम्म | ०४.०० | ०४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ०४ पटक सम्मपनि गर्न नसक्ने |

चिन अप/पुल अप

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा माथि | १०.०० | ०३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ०८.०० | ०२ पटक सम्म |
| ३ | ०८ पटक सम्म | ०६.०० | ०१ पटक सम्म |
| ४ | ०५ पटक सम्म | ०४.०० | ३० सकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ०५ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ०४ सकेण्ड सम्म झुण्डिन नसक्ने |

सिट अप

| क स | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयवधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १५ पटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ०८.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ०६.०० | ०८ पटक सम्म |
| ४ | १२ पटक सम्म | ०४.०० | ०५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ०५ पटक सम्म पनि गर्न नसक्ने |

नोटः कुनै पनि एक ईभन्टमा अनुत्तीर्ण हुने उम्मेदवारहरुलाई सो पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

**द्वितीय चरण**

**पूर्णाङ्क १००**

## लिखित परीक्षा योजना

| विषय | अंकभार | पुर्णाङ्क | उत्तर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र बौद्धिक परीक्षा | ५० | १०० | ४० | वस्तुगत | २५ प्रश्न *२ अंक = ५० | १:३०घण्टा |
| सेवा सम्वन्धी | ५० | | | विषयगत | २ प्रश्न *१० अंक = २० | |
| | | | | वस्तुगत | १५ प्रश्न *२ अंक = ३० | |

## लिखित परिक्षाको पाठ्यक्रम

पुर्णाङ्क:१०० समय:१:३० घण्टा

उत्तीर्णाङ्क:४०

### खण्ड "क"

१. सामान्य ज्ञान

(क) हरिनगर गाउँपालिकाको बारेमा सामान्य जानकारी

(ख) नेपालको भुगोल सम्बन्धि सामान्य ज्ञान

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाति र जनसंख्या सम्बन्धि ज्ञान

(घ) ट्राफिक सम्बन्धि-(ट्रफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)

(ङ) महत्वपुर्ण समसामयिक रास्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार सवन्धी सामान्य जानकारी

(च) कम्प्युटर, मोवाइल, इमेल इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेका प्रभाव ।

### खण्ड ख

**पूर्णाङ्क ५०**

**१ सेवा सम्वन्धी ज्ञान:**

(क) नेपालको संविधान सामान्य जानकारी

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्वन्धी सामान्य जानकारी

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सेवा सम्वन्धी अन्य सामान्य जानकारी

(घ) हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

(ङ) चिठ्ठि पत्र, दर्ता चलानी सम्वन्धी सामान्य जानकारी

### तृतीय चरण

**अन्तरवार्ता** **पूर्णाङ्क: ३० अङ्क**

(क) विषयवस्तुको ज्ञान १० अङ्क

(ख) व्यक्तित्व परीक्षण १० अङ्क

(ग) अनुभव: प्रति वर्ष सेवा गरेवापत ०.५ अङ्कका दरले बढीमा ५ अङ्क

**(घ) स्थानियताका लागि : हरिनगर गाउँपालिका भित्रका नागरिक भए ५ अङ्क र सो भन्दा बाहिरका भए ३ अङ्क**

आज्ञाले,

नामः तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत